*Reg. No. 681* *SWC Aff. No. 15556*

मानव अधिकार, सामाजिक न्याय र सुशासनका लागिः

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, कैलाली सम्पर्क कार्यालय अनामनगर, काठमाण्डौं मिति : २०६८/५/२१

***विषय : प्रेस विज्ञप्ति ।***

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात हलिया मुक्तिको घोषणा भएको आज भाद्र २१ गते तीन वर्ष पूरा हुदैछ । खुशीको कुरा यो वर्षको हलिया मुक्ति दिवस नेपाल सरकारले मनाउदैछ । सरकारले उत्सव मनाइरहँदा उससंग मुक्त हलियाहरुलाई मुक्तिको घोषणा पछिका तीन वर्षका उपलब्धी देखाउने कुनै गतिलो काम देखिएको छैन । हलियाहरु प्रभावकारी पुनःस्थापना नभएको भन्दै सर्वोच्च अदालतमा पुगेका छन । मुक्त हलियाको सही तथ्याँक आएको छैन । हालसम्म हलिया सम्बन्धी कुनै ऐन पारित गरिएको छैन । पुनःस्थापनाका नाममा एक टुक्रा जमिन बाँडिएको छैन । एक जना हलियालाई पनि राहत बाँडिएको छैन । मुक्त हलियाका लागि परिचय पत्र बाँडिएको छैन । अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु तथा दातृनिकायलाई हलिया पुनःस्थापनाको काममा परिचालन गर्न सकिएको छैन । यति मात्र होइन सबै राजनीतिक दलहरुले यसलाई साझा मुद्दा बनाउन सकेका छैनन अर्थात सबै दलहरुले स्वीकार गरेका छैनन । हलिया सम्बन्धी बनेका कार्यदल तथा अन्य समितिहरु सर्बदलीय बनेका छैनन जसले गर्दा उसले गरेका कामहरु सर्वस्वीकार्य बन्न सकेका छैनन । यसको मुलकारण हलिया आन्दोलनमा कार्यरत अधिकारकर्मी र संगठनहरुको मागको वेवास्ता गर्नु रहेको छ ।

उपरोक्त चुनौतिहरुलाई अवसरमा बदल्न नेपाल सरकारले तत्काल हलिया श्रम निषेध गर्न बनेको ऐन जारी गर्न र कम्तिमा ५ वर्षे हलिया पुनःस्थापनाको एकीकृत प्याकेज बनाउन आजको दिनमा जोडदार माग गर्न चाहन्छौं । साथै वि.सं. २०३६ सालदेखि हलिया मुक्तिको सपना बोकेर हलिया मुक्ति आन्दोलनमा सक्रीय हलिया आन्दोलनका अग्रज तथा यसका शुभचिन्तकहरुमा हलिया मुक्ति दिवसको अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै पुनःर्स्थापनाको निर्णायक आन्दोलनमा थप सक्रीय हुन आव्हान गर्दछौं । र हलिया मुक्ति आन्दोलनको सूत्राधार संगठनका हैसियतले हाम्रो संगठन राष्टिय दलित नेटवर्क (RDN) निरन्तर संर्घरत रहने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छौं ।

त्यसैगरी राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालका संरक्षक स्व. रविन्द्र सिंह गहतराजको नाममा संगठनद्धारा स्थापना गरिएको **रविन्द दलित एक्टीभीष्ट अवार्ड** जिल्ला डडेल्धुरा निवासी हलिया नेता डम्मर सिंह टमट्टालाई प्रदान गर्ने निर्णय गरिएको छ । संगठनले सञ्चालन गरेका बिभीन्न कार्यक्रम तथा अभियानहरुमा कार्यरत दलित एक्टिभीष्टहरु मध्य उकष्ट कार्य सम्पादनको आधारमा मुल्याङ्कन गरि प्रदान गरिने सो पुरस्कार यस बर्ष उहाँलाई प्रदान गर्ने निर्णय भएको र सोलाई बिशेष कार्यक्रम गरि बितरण गरिने कुरा यसै प्रेश बिज्ञप्ती मार्फत जानकारी गराईन्छ । बिगत लामो समय देखि हलिया अधिकारको आन्दोलनमा अनवरत रुपमा कार्यरत ब्यक्तित्व डम्मर सिं टमट्टाले स्थानिय स्तरमा हलिया सचेतीकरण र हलिया मुक्तिका लागी सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने काममा अगुवाइ र योगदान पुरयाउनु भएको छ भने हाल उहाँ संगठनको सवालगत बिभाग हलिया अधिकार मञ्चको केन्द्रीय अध्यक्ष समेत रहनु भएको छ ।

त्यसैगरी हलिया मुक्ती दिवशको अवसरमा आजव मिति २०६८ भाद्र २१ गते राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको अगुवाईमा मुक्त हलियाहरुको साँचो अर्थमा न्यायिक पुनःस्थापनाका लागी नेपाल सरकारवाट तत्काल **हलिया ऐन** लागु गरिनुपर्ने, हलिया आन्दोलन र नेपाल सरकार बीच भएको सम्झौता अनुसार बनेको हलिया समस्या समाधान गर्न गठित कार्यदलको सिफरिश तत्काल लागु गर्नुपर्ने, सामन्ती भू-उत्पादन सम्बन्धले निर्धारण गरिएका श्रम शोषणका रुपहरुः हलिया, कमैया, हरुवा, चरुवा, बालिघरे, डोली, भु" ड, सिनो खाने तथा फ्याँक्ने, बेठबेगारी, कम्लरी लगायतका सबै बाँधा श्रम प्रथा अन्त्य गरी उनीहरुको पुनर्स्थापनाको व्यवस्था गरिनुपर्छ । साथै सामन्ती भू-उत्पादन सम्बन्ध संग जोडिएका घटनाहरुमा श्रम अदालतको स्थापना गरी छिटो भन्दा छिटो न्याय दिलाउने व्यवस्था गरिनुपर्ने र स्थानीय स्तर देखि केन्द्रसम्मा हरेक सरकारी तथा गैरसरकारी निकायहरुमा हलियाहरुकोजनसंख्याको आधारमा अर्थपुर्ण सामानुपातिक प्रतिनिधीत्व सुनिश्चित गरिनुपर्ने माग सहित सुदुर पश्चिमाञ्चल बिकास क्षेत्रका ९ वटा जिल्लाहरुबाट प्रमुख जिल्ला अधिकारी मार्फत सम्माननिय प्रधानमन्त्री ज्यूलाइ ज्ञापन पत्रहरु समेत पेश गरिएको छ ।

**गणेश बि. के.**
**केन्द्रीय अध्यक्ष**

"छुवाछूत बिनाको अर्को नेपाल संभव छ, आउनुहोस् निर्माण गरौं" "Another Nepal Without Untouchability is Possible ! Let us Build It !!"

**RDN Nepal Central Office, Dhangadhi, Kailali, Nepal, Tel: 091-520604, Fax: 091-524729**
**E-mail: gaps2rdn@yahoo.com , rdnnepal@ gmail.com**